# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ५) शुद्धोधन, असार १५ गते, २०७८, साल संख्याः ३


**भाग-१**

**ऐनको नामः शुद्धोधन गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८**

प्रस्तावना :

साविक स्थानीय निकायमा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह शुद्धोधन गाउँपालकिामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा र वृत्ति विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भएकोले साविक स्थानीय निकायबाट स्वतः समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई प्रोत्साहन सुविधा उपलब्ध गराई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शुद्धोधन गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनका नाम "शुद्धोधन गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “संविधान'' भन्नाले नेपालको संबिधान सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) “कर्मचारी” भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ को उपदफा (३) बमोजिम स्थानीय तह शुद्धोधन गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ ।

(घ) “स्थानीय तह'' भन्नाल शुद्धोधन गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) “न्यूनतम शैक्षिक योग्यता” भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शुद्धोधन गाउँपालिका गाउँकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “प्रोत्साहन सुविधा” भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तह शुद्धोधन गाउँपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

३. संगठन तथा कर्मचारी दरबन्दी : (१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी शुद्धोधन गाउँपालिकाको गाउँसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तहबृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ ।

४. प्रोत्साहन सुविधा उपलब्ध गराउनेः (१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१)बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा **उपदफा ४ बमोजिम** देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ ।

(४) तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दाको मापदण्ड

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| का.स. | ५ वर्ष भन्दा कम ३ बर्ष भन्दा बढी स्थायी सेवा अवधि पुगेको । | सोही स्तरमा | १ ग्रेड थप |
| | पांच वर्ष भन्दा बढी सेवा अवधि भएको । | एक स्तर बृद्धि | |
| | | | |

| | | | |
|---|---|---|---|
| | का.स.को हकमा दश वर्ष भन्दा बढी सेवा अवधि भएको र एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यता भएको । | सहायकस्तर चौथौ तह | |
| **हालको तह** | **मापदण्ड** | **कायम हुने तह/स्तर** | **अन्य प्रोत्साहन** |
| सहायकस्तर तेश्रो | ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको । | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | पांच वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको । | चौथो तह | |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |
| **हालको तह** | **मापदण्ड** | **कायम हुने तह/स्तर** | **अन्य प्रोत्साहन** |
| सहायकस्तर चौथो | ३ बर्ष पुरा सेवा अवधि भएको ५ बर्ष सेवा अवधि नभएको । | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | पांच वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको । | पाचौ तह | |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको । | सोही तहमा | २ ग्रेड थप |

द्रष्टव्यः प्राविधिक तर्फ तह वृद्धि हुने कर्माचारीको हकमा सम्वन्धित तहको प्राविधिक विषय उत्तीर्ण गरेको हुन पर्नेछ र शैक्षिक योग्यता तथा सेवा अवधि नपुगेको कर्मचारीको हकमा २ ग्रेड थप गरिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी यो ऐन जारी भएका मितिसम्ममा यस दफा बमोजिमको सेवा अवधि सम्बन्धी मापदण्ड पुरा नभएको वा नगरेको तर यो ऐन जारी भइसकेपछि सो मापदण्ड पुरा गरेको वा हनु ेअवस्थामा एक पटकका लागि प्रक्रिया पुरा गरी उल्लेख भए बमोजिम प्रोत्साहन सुविधा उपलब्ध हुनेछ । स्पष्टिकरणः यो ऐन जारी भएका अवस्थामा उपदफा (४) बमोजिम १ ग्रेड थप हुने कर्मचारीले तत्काल सो सुविधा नलिइ मापदण्ड बमोजिमको सेवा अवधि पुरा भएपछि स्तर वा तह

वृद्धि सम्बन्धी सुविधा लिन चाहेमा त्यस्तो कर्मचारीलाई सुविधा छनौट गर्ने अवसर दिइनेछ । यो ऐन लागु भएका मितिले ३५ दिन भित्र सुविधा छनौट सम्बन्धी निवेदन पेश गर्नु पर्नेछ ।

(६) यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइनेछ ।

५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउनेः (१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपलब्ध गराउनेछ ।

(२) उपदफा(१) बमोजिम दिईने पत्र अनुसूची-१ बमोजिम हुनेछ ।

६. यसै ऐन बमोजिम हुने : यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची १**

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

**तह बृद्धि / तह मिलान पत्र**

पत्र सख्या :

चलानी नं. मिति....................

श्री ................... .......

..................

**विषय : तहबृद्धि / तह मिलान गरिएको सम्वन्धमा ।**

शुद्धोधन गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" बमोजिम मिति .................................. देखि जेष्ठता लागु हुने गरी तपाईलाई शुद्धोधन गाउँपालिकाको तपसिल बमोजिमको पद तथा तहमा तहबृद्धि / ग्रेड थप गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । तहबृद्धि हुनु भएकोमा बधाई छ ।

| **साविकको पदको विवरण** | **तह बृद्धि भएको पदको विवरण** |
|---|---|
| पद : | पदः |
| तह : | तहः |
| सेवाः | सेवा |
| समुह : | समुहः |

................................

**प्रमुख प्रशासकीय अधिकृत**

**वोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकाम, बुटवल ।

श्री प्रदेश लोकसेवा आयोग, बुटवल ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री कर्मचारी संचय कोष, बुटवल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, शुद्धोधन गाउँपालिका ।

प्रमाणिकरण मितिः २०७८/०३/१३

आज्ञाले

विपिन क्षेत्री

प्रमुख प्रशासकीय अधिकृत